# मिति २०८२ साल पुस ०७ गतेको नवौं कार्यपालिका बैठकको निर्णयहरु

प्रस्तावहरु :

१. समिक्षा सम्बन्धमा ।
२. योजना फरफारक सम्बन्धमा ।
३. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।
४. मेला महोत्सव व्यवस्थापन कार्यविधि सम्बन्धमा ।
५. कार्यविधिहरु संशोधन सम्बन्धमा ।
६. सार्वजनिक सेवा प्रवाह सम्बन्धमा।
७. विविध/समसामयिक सम्बन्धमा।

निर्णयहरु :

निर्णय नं. १. मिति २०८२/०८/२१ गतेको कार्यपालिका बैठकमा भएका तपसिलका निर्णयहरुको समीक्षात्मक छलफल गरियो ।

तपसिल

१. आ.व. २०८२/०८३ का लागि विनियोजित योजनाहरु मध्ये कार्य सम्पन्न भई खर्च अनुमोदन तथा भुक्तानीका लागि पेश भएका आयोजना तथा कार्यक्रमहरुको भुक्तानी गरियो ।
२. स्वीकृत कार्यविधिहरु बमोजिम कार्य प्रक्रिया आगाडी बढाईयो।
३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न समयमा जारी गरिएका परिपत्रहरुको कार्यान्वयन प्रक्रिया अगाडी बढाईयो।

निर्णय नं. २. आ.व.२०८२/०८३ का लागि पालिकाबाट विनियोजित योजनाहरु मध्ये प्राविधिक मुल्यांकन सम्पन्न गरी भुक्तानीका लागि पेश भएका १८ वटा आयोजना तथा कार्यक्रमहरुको भुक्तानी गर्न सिफारिस गरियो ।

निर्णय नं. ३. चालू आ.व. ०८२/८३ को राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको लागि emis प्रणालीमा आवद्ध वेरोजगार व्यक्तिहरुको सूचीबाट २९१ मध्ये २५ जनालाई प्राप्त बजेट र वडाबाट विनियोजित बजेट अनुसार वडाहरुमा रोजगार कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. मेला महोत्सव संचालन कार्यविधि २०८२ स्वीकृत गरियो ।

निर्णय नं. ५. करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ (पहिलो संशोधन २०८२), कार्यसंचालन निर्देशिका, २०७८ (पहिलो संशोधन २०८२) र कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ स्वीकृत गरियो ।

निर्णय नं. ६. सार्वजनिक सेवा प्रवाहको अवस्था सरल, सहज तथा नियमित रहेको पाइयो ।